# जिल्लाका क्रियाशील राजनीतिक दलहरुको महत्वपूर्ण सर्वदलीय बैठकका निर्णयहरु

आज मिति २०८०/०८/११ गतेका दिन जिल्ला समन्वय समिति खोटाङका प्रमुख श्री सन बहादुर राईको अध्यक्षतामा खोटाङ जिल्लाका क्रियाशील राजनीतिक दलहरुको उपस्थितीमा सर्वदलीय बैठक बसी समसामयिक विषयहरुमा छलफल गरी निर्णयहरु गरिएको छ ।

उपस्थिती:-

| क.स. | नामधर | संस्था/ कार्यालय | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री सन बहादुर राई | जि.स.स. | प्रमुख | |
| २ | श्री गोपाल किराती | | पूर्व मन्त्री | |
| ३ | श्री दुर्गा जयन्ती राई | मा.के. (केन्द्रिय सदस्य) | संविधान सभा सदस्य | |
| ४ | श्री बिष्णु कुमार राई | ने.का. | जिल्ला सभापति | |
| ५ | श्री राम प्रसाद दङ्गाल | ने.क.पा. एमाले | जिल्ला अध्यक्ष | |
| ६ | श्री सुरेन्द्र राई | ने.क.पा. एमाले | जिल्ला उप-सचिव | |
| ७ | श्री दिपक पाण्डे | मा.के. | जिल्ला संयोजक | |
| ८ | श्री ललित कुमार राई | रा.प्र.पा. | जिल्ला अध्यक्ष | |
| ९ | श्री रमेश राई | ज.स.पा. नेपाल | के.सदस्य | |
| १० | श्री विनोद आचार्य | मा.के. | प्रदेश सदस्य | |
| ११ | श्री निर्मल राई | ज.स.पा. नेपाल | उपाध्यक्ष | |
| १२ | श्री जलशेर राई | ने.क.पा. ए.स. | जिल्ला अध्यक्ष | |
| १३ | श्री बिष्णुराज राई | ने.का. | जिल्ला सदस्य | |
| १४ | श्री प्रकाश चाम्लिङ्ग | समाजवादि विधार्थी युनियन | के.महसचिव | |
| १५ | श्री पर्शुराम थापा | रा.स्वा.पा. | सदस्य | |
| १६ | श्री भूमिराज राई | ज.स.पा. नेपाल | जिल्ला सदस्य | |
| १७ | श्री कमला थापा 'सी' | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) | जिल्ला सचिवालय सदस्य | |

निर्णयहरु

१. राष्ट्रिय महत्व एवम् आर्थिक समृद्धिको आधारको रुपमा निर्माण हुन गईरहेको दुधकोशी जलाशययुक्त जलविद्युत आयोजना (६३५ मेघावाट) सम्पन्न गर्न नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण साथै बैदेशिक सहयोगबाट विभिन्न खाले अध्ययन, सर्वेक्षण, डिजाईन स्टीमेटको कार्य अन्तिम चरणमा आईपुगेको र जग्गा प्राप्ती र निर्माण कार्य अघि बढ्न लागेको सन्दर्भमा आयोजनाको निर्माण अवधिभर नागरिक र राज्यको हितमा सम्बन्धित सरोकारवाला निकायहरुलाई हामी खोटाङका क्रृयाशिल राजनीतिक दलहरुले सकरात्मक सहयोग र समन्वयको भूमिकामा रहने निर्णय गरिएको छ ।

२. खोटाङ जिल्लाको लाईफलाइनको रुपमा निर्माण भईरहेको सडक पुर्वाधारहरु जयराम हलेशी खण्ड, दिक्तेल चखेवा खण्ड (मध्य पहाडी राजमार्ग),सगरमाथा राजमार्ग अन्तर्गतको गाइघाट दिक्तेलको मौर–फोक्सीइटार खण्ड लगायत जिल्लाभरीका सडकहरु र सडक पुलहरु ठेका लागेर लामो समयसम्म सम्पन्न नहुँदा खोटाङ जिल्ला कै विकासमा ठुलो अवरोध आईरहेको छ । जिल्ला सदरमुकाम र पालिका सदरमुकामहरु जोड्ने आर्थिक महत्व राख्ने स्थानीय सडकहरु र सडक पुलहरु सम्बन्धित निकायहरुले वजेट व्यवस्थापनमा समस्या हुनुका साथै ठेकेदार कम्पनीहरुको लापरवाहीका कारण समयमा सम्पन्न नहुनु र केही पालिका भित्रका शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी लगाएतका भौतिक पुर्वाधारहरु समयमा सम्पन्न हुन नसक्नु र जनतामा ठुलो निरासा पैदा हुनु खोटाङेहरुको लागि दुर्भाग्य हो त्यसैले समस्याको पहिचान गरी सरोकारवाला निकायहरु सग समन्वय सहजीकरण, दवाव सृजना गरी समयमा आयोजनाहरु सम्पन्न गर्न गराउन खोटाङका क्रृयाशिल राजनीतिक दलहरु क्रृयाशिल हुने निर्णय गरियो ।

३. खोटाङ जिल्लामा रहेको संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका सरकारी कार्यालयहरुले जनतामा प्रवाह गर्ने सेवाहरु परम्परागत कार्यशैलीबाट नयाँ प्रविधिमा रुपान्तरण हुँदै गरेको समय भएकोले नागरिकहरुमा पर्न जाने असुविधा प्रति कर्मचारीहरुले नयाँ शैलीबाट सहजीकरण गर्दै सेवा प्रवाहमा चुस्त दुरुस्त, पारादर्शी एवम् सरलीकृत वनाउन सरोकारवाला सेवा प्रदायक कार्यालयहरुलाई अनुरोध गर्ने, सहजीकरण गर्ने र दवाव सृजना गर्ने निर्णय गरियो ।

४. संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न संघीय शासन प्रणाली अन्तर्गत राज्यको पुन संरचना भई स्थानीय तहहरुको प्रथम र दोस्रो चरणको निर्वाचन भएर ६ वर्ष पुरा भईसकेको सन्दर्भमा स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारीले संघीयताको मूलमर्म अन्तर्गत आफुलाई अघि बढ्ने प्रयास जुटिरहेको हो । यसै शिलशिलामा कतिपय ठाउँहरुमा जनताको घरदैलोमा सरकार पुगेको महसुस गराउन, हिजो विकासको प्रवाहबाट बाहिर रहेको समुदाय र क्षेत्रलाई समेट्न साथै सहभागिता, समावेसीता र सहकार्यमा केही कमीहरु आएको जनगुनासो समेतलाई ध्यान दिदै राजनीतिक दलहरुले निर्वाचित जनप्रतिनिधिहरुलाई प्रशिक्षित, सहयोग, समन्वय र सचेत गराउने निर्णय गरियो ।

५. कृषकहरुलाई केही वन्यजन्तुहरुले क्षेती र आतंक मच्चाई रहेको सन्दर्भमा नेपाल सरकारले भर्खरै बदेललाई व्यवस्थापन गर्ने ऐन बनाएको छ त्यसै गरी वदेलभन्दा कृषकहरुको लागि हानिकारक वन्यजन्तु बाँदरलाई समेत व्यवस्थापन गर्न ऐन कानुन निर्माण गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई ध्यानाकर्षण गराउने,अनुरोध गर्ने, र अनुकुल हेरी डेलिगेसन जाने निर्णय गरियो ।

६. प्रदेश नामाकरणको सवालमा पहिचानको विषयलाई लिएर हाम्रो प्रदेश भरी नागरिक, जनप्रतिनिधिहरु, राजनीतिक दल लगायत सरोकारवाला पक्षलाई असहअजता सिर्जना भई प्रदेशको विकास निर्माण लगायत मानवीय उन्नयनको गतिविधिहरु ओझलमा पर्ने सम्भावना देखिएकोले राजनीतिक,सामाजिक सद्भावमा समेत खलल पुग्न जाने हुँदा परिस्थितीलाई सामान्यीकरण गरी स्थायी शान्तिको लागि सघनरुपमा पारस्परिक र आन्तरिक सम्वाद गरी यथोचित निकास र समाधानको लागि प्रदेश सरकार, प्रदेश संसदहरु साथै राजनीतिक नेतृत्वलाई आ-आफ्नो तहबाट अनुरोध गर्ने निर्णय गरियो ।